# पाठ - 3
## नमाजको समय

الدرس الثالث - نيبالي
أوقات الصلاة

**जुहर** नमाजको समय सूर्य ढलिने देखि हरेक वस्तुको छायां त्यस बराबर हुने सम्म हुन्छ ।
**असर** नमाजको समय हरेक वस्तुको छाया त्यस बराबर हुने देखि सूर्य अस्त हुने सम्म हुन्छ ।
**मगरिब** नमाजको समय सूर्य अस्त हुने देखि रातोपन समाप्त हुने सम्म हुन्छ ।
**इशा** नमाजको समय रातोपना समाप्त हुने देखि आधि रात सम्म हुन्छ ।
**फजर** नमाजको समय फजर उदय हुने देखि सूर्य उदय हुने सम्म हुन्छ ।

## नमाज निषेध गरिएको समय

यहाँ केही यस्तो समय दिइएको छ जुन समयमा नमाज पढनु जायज छैन, र त्यो यस प्रकार छन् :

१ - फजर नमाज देखि सूर्य उदय भएर एक हात बराबर माथि आइ पुगे लगभग दस मिनेट सम्म ।

२ - दिउँसो आकाशको ठिक बीचमा सूर्य भएको समय, जुन समय छाया चाहिं कुनै दिषामा हुदैन, यहाँ सम्म कि सूर्य पक्षिममा ढलि हालोस ।

३ - असर नमाज देखि सूर्यास्त हुने सम्म ।

मनाही गरिएको समयमा केही नमाजहरु जायज छन् जस्तो कि कुनै खास कारणले पढनु पर्ने नमाजहरु जस्तो कि तहियतुल मस्जिद, जनाजाको नमाज, ग्रहणको नमाज, तवाफको दुई रकअत, र वुजूको दुई रकअत, इत्यादि । र त्यस्तै छुटिएको नमाज कजा गर्नु पनि जायज छ, किनकि रसूल ﷺ ले भन्नु भएको छ

مَنْ نَسِيَ صَلَاةً، أَوْ نَامَ عَنْهَا، فَكَفَّارَتُهَا أَنْ يُصَلِّيَهَا إِذَا ذَكَرَهَا

जसले नमाज बिर्सयो वा सुतेको कारण त्यसको नमाज कजा भयो भने उसको प्राश्चित चाहिं यस्तो हुन्छ कि ध्यानमा आउने बित्तिकै त्यसलाई पढनु पर्छ» (मुत्तफकुन्अलैह- ५९७, ६८४)

त्यस्तै फजरको सुन्नत कजा गर्नु जायज छ, र जुहरको सुन्नत यदि आफ्नो समयमा पढन सकेको छैन भने असर नमाज पछि कजा गर्नु जायज छ ।

## जुन ठाउँमा नमाज सही हुदैन

१ - चिहान, रसूल ﷺ ले भन्नु भयो

الْأَرْضُ كُلُّهَا مَسْجِدٌ إِلَّا الْحَمَّامَ وَالْمَقْبَرَةَ

शौचालय र चिहान बाहेक समस्त धरति नमाज पढ्नुको ठाउँ हो» तर जनाजाको नमाज चाहिं चिहानमा पढनु जायज छ ।

२ - कबरको दिषामा नमाज पढ्नु, अबू मर्सद अलगनवी ﷺ ले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि لَا تُصَلُّوا إِلَى الْقُبُورِ، وَلَا تَجْلِسُوا عَلَيْهَا

कबरको दिषामा नमाज न पढ्नु, र त्यस माथि न बस्नु» (मुस्लिम -९७३) ।

३ - ऊँटहरु बस्ने ठाउँमा र अन्य कुनै पनि अपवित्र ठाउँमा नमाज पढनु जायज छैन ।